## मिति २०७९।९।११ गते, समय ९ वजे दिनको, बैठक संख्या: १५

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं.** १.अघिलो बैठकको निर्णयहरुको समिक्षा।

निर्णय:अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

प्रस्ताव नं. २. चालु आवको लागि नेपाल सरकारसंग समपुरक र विशेष अनुदानकालागि प्रस्ताव पेश गर्ने ।

निर्णय: नेपाल सरकार राष्टिय योजना आयोगको प्रकासित सूचना अनुसार समपुरक र विशेष अनुदानमा देहाय अनुसारका योजनाको प्रस्ताव पेश गर्ने।

समपुरक अनुदान तर्फ

क. घटाल चिम्रिकोट सडक वडा नं २ र ३
ख. खोडखेल्ला चोरा अजयमेरुकोट सडक वडा ४ रु १० करोड
ग. खानेपानी पहुंच नपुगेका वस्तिहरुको खानेपानी योजना रु १० करोड

विशेष अनुदान तर्फ

क. फोहोर मैला व्यवस्थापन ५ करोड
ख. समुदाय र विधालयमा जनस्वास्थ्य तथा पोषण स्वास्थ्य प्रबर्द्धन कार्यक्रम ३ करोड
ग. बृहत सिचांई आयोजना वडा नं १, २, ३ रु १० करोड

प्रस्ताव नं. ३. चालु आ.व.को लागि प्रदेश सरकारको समपुरक र विशेष अनुदानकालागि प्रस्ताव पेश गर्ने।

निर्णय: प्रदेश सरकारको समपुरक र विशेष अनुदानमा देहाय अनुसारका योजनाको प्रस्ताव पेश गर्ने।

समपुरक अनुदान तर्फ

क. नगरपालिका क्षेत्रमा सार्वजनिक सौचालय निर्माण र मालम सडक रु ८ करोड

ख. राई तल्लोबुढाली भडार सडक रु ५ करोड

ग. भजनपुर छचौडा कोटकांडे सडक रु ५ करोड

विशेष अनुदान तर्फ

क. कषि तथा पशुपंक्षी विकासकालागि आयआर्जनकालागि पुर्वाधार विकास रु ५ करोड

ख. किर्तिपुर जोगिनथान भलिया सडक रु ५ करोड

ग. सामुदायिक विधालयको प्रविधि तथा पुर्वाधार विकास रु ५ करोड

प्रस्ताव नं. ४. फोहोर मैला व्यवस्थापन ।

निर्णय: नगरपालिका क्षेत्रको फोहोर व्यवस्थापन गर्न सर्वदलिय बैठक आह्वान गर्ने ।

प्रस्ताव नं. ५. यातायात व्ययवस्था कार्यालय डडेलधुराको जग्गा उपलब्ध गराउने ।

निर्णय: यातायात व्यवस्था कार्यालय डडेलधुराको च नं १५० मिति २०७९।८।१५ को पत्र अनुसार वडा नं १ अन्तरगत प्रहरी चौकी स्याउलेको स्वामित्वमा रहेको उत्तर पूर्वमा रहेको लगभग १५ रोपनी जग्गा यातायात व्यवस्था कार्यालयको लागि लिजमा दिन सिफारिस गर्ने ।